## परिच्छेद-२
## उपभोक्ता हित संरक्षण समिति

३. **उपभोक्ता हित संरक्षण एवं बजार अनुगमन** समिति उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत ब्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउनको लागि महानगरपालिकाले उपभोक्ता हित संरक्षण एवं बजार अनुगमन समिति गठन गर्नेछ ।

**४. उपभोक्ता हित संरक्षण एवं बजार अनुगमन समितिको गठन देहाय अनुसार हुनेछ :**

| | | |
|---|---|---|
| (१)(क) | ललितपुर महानगरपालिकाका उपप्रमुख | -संयोजक |
| (ख) | उद्योग, पर्यटन, संस्कृति समितिका संयोजक | - सदस्य |
| (ग) | कानुन महाशाखा प्रमुख | - सदस्य |
| (घ) | जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधी | - सदस्य |
| (ङ) | उद्योग, पर्यटन, संस्कृति समितिका सदस्य सचिव | - सदस्य |
| (च) | उद्योग बाणिज्य संघको प्रतिनिधि | - सदस्य |
| (छ) | उपभोक्ता हित संरक्षण संस्था वा प्रतिनिधि | - सदस्य |

**६. समितिको काम कर्तब्य र अधिकार**

(क) उपभोक्ता हित संरक्षणको लागि आबश्यक नीतिगत व्यवस्था गर्ने ।

(ख) अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

(ग) उपभोक्तको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(घ) महानगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने/गराउने ।

(ङ) उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानुनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

(च) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाउने ,

(छ) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ज) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(झ) कालोबजारी, अखाद्य वस्तु विक्री वितरण एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी

